"मुसिकोट नगरको समृद्धिका आधार: सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार"
मुसिकोट नगरपालिका Musikot Municipality
नगर कार्यपालिका कार्यालय Office of Municipal Executive
वामीटक्सार, गुल्मी Wamitaksar, Gulmi
लुम्बिनीप्रदेश, नेपाल ।
LumbiniProvince, Nepal.

च.नं./Ref. No.:
प.सं./Des. No.:२०७९/८०

# शुरुवातका सय दिन

**"मुसिकोट नगरको समृद्धिका आधार ,**
**सामाजिक विकास र न्याय संगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार ।"**

वि.सं.२०७४ सालमा प्रथम पटक मुसिकोट नगरपालिकामा जनप्रतिनिधिहरुको निर्वाचन पश्चात त्यतिवेलाका प्रतिनिधिहरुको पाँच वर्षे म्याद समाप्ति र २०७९ वैशाख ३० मा नयाँ प्रतिनिधिहरुको चुनाव भैसकेपछि हामीले २०७९ जेठ महिनाको तेस्रो हप्ताबाट पूर्ण रुपमा कार्यभार समालेको व्यहोरा सर्वविदित छ । असार १० मा नयाँ आ.व. को निति कार्यक्रम र बजेट प्रस्तुत गरिसक्नुपर्ने र पुरानो आ.व. का योजना तथा बजेट भुक्तानीका काम सक्नैपर्ने चटारो संगसंगै यो वर्षायाममा हामीले केही उपलब्धि कामका परिणाम देखाइहाल्नु सम्भव थिएन । त्यसमाथि असार महिनाको अन्तिम हप्तादेखि साउन महिनाको अन्तिम हप्ता सम्म नगरपालिकाले आर्थिक कारोवार गर्न असुविधा हुनेगरी बैंक खाता लक हुने व्यवस्थाले तत्काल भुक्तानी आवश्यक पर्ने कामहरु गर्न नसकिने अवस्था एउटा र साउन अन्तिम हप्तातिरबाट हाम्रो नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत पदका पदाधिकारीको सरुवा एवम अदला बदली हुने शिलशिलाले गर्दा भदौ महिनाको अन्तिम हप्तासम्म मुसिकोट नगरपालिकामा कार्यपालिकाले आ.व. को सुरुमा गर्नुपर्ने कामहरु सुरुमै थाल्न नसक्ने गरी नगरपालिकाको कार्यव्यवस्था प्रभावित बन्यो र पनि हामी निर्वाचित भैईसकेपछि, उल्लेखित प्रतिकुलका वावजुद, हामीले अगाडी बढाएका निति योजना र कामका विषयमा तमाम सरोकारवाला तथा आम नगरवासीको जिज्ञासा रहने भएकोले संक्षेपमा निम्न मुख्य मुख्य बुदाँहरु टिपोट गरि सार्वजनिक गरेका छौं ।

१. पूर्वाधार विकास तर्फः

- रिंगरोडका मुख्य भागहरुमा काम गर्नेगरी पर्याप्त बजेट विनियोजन भएको । साथै यसै वर्ष संघिय साझेदारीमा दोभान- राक्से- लिलिङ्ग (कृषि सडक) मा १ करोड ६० लाख बराबरको काम हुने ।
- ५० लाख बराबरका ४ वटा मुख्य मुख्य सडक(मैदान-तोलादी-झेदी वामीटक्सार सडक, भगलाम दजाकोट-हलोगाडे-ठुलापोखरा-धारापानी फेंदी सडक, भुवाचिदी कुर्घा मालिका स्वाँरा सडक स्तरोन्नती, वामीटक्सार वामीमैदान अर्लाङ्कोट ददल्का सडक स्तरोन्नती) मा प्रदेश संग साझेदारीमा काम गर्नेगरी ठेक्का प्रकृया सुरु ।
- मुख्य सडकमा वर्षातजन्य विपद्को कारणले यातायात आवगमन निरन्तरताको समस्या समाधान गर्न पहिरो फाल्ने र बाटो खुलाउने काम निरन्तर भइरहेको ।
- प्रमुख प्रशासकीय भवनको सम्झौता बमोजिम पौष महिनामा सम्पन्न गर्नेगरी र २०८० वैशाख भित्रै इन्टेरियर डिजाइनिङ्ग तथा फर्निसिङको काम समेत सकेर प्रयोगमा ल्याउने गरी द्रुत गतिमा काम भैइरहेको छ ।
- शहरी विकास मन्त्रालयको कार्यक्रमका रुपमा वडा नं. १ को पौदीअमराई बजार वरपर, वडा नं. ३ को मैदान/ठुलापोखरा बजार वरपर, वडा नं. ५ को आँपचौर रिंगरोड क्षेत्रमा र वडा नं. ७ को वामीटक्सार बजारका भित्री सडक कालोपत्रे समेत गर्ने गरी व्यवस्थित सहरी सडकको डिजाइन भइरहेको ।

- १५ सैयाको अस्पताल भवनको रु १८ करोड ६ लाख ७२ हजार बराबरको काम ११ करोड १० लाख सम्झौता भई द्रुत गतिमा निर्माणको काम चलिरहेको छ ।
- वडा नं. ४ बडागाँउ नेटा क्षेत्रमा १ करोड बरावरको आधारभुत स्वास्थ्य सेवा केन्द्र को भवन यसै वर्ष निर्माणका लागी घडेरी तयार पारी DPR को प्रकृयामा रहेको छ ।
- त्यस्तै वडा नं.८ वामी मैदान क्षेत्रमा १ करोड बराबरकै आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन पनि घडेरी तयार भईसकेको तथा यसै वर्ष निर्माण हुनेगरी DPR को प्रकृयामा छ ।
- यसै नगर अन्तर्गत गौरवको योजना सुविधायुक्त सभाहल रु. २ करोड को लागतमा यसै बर्ष निर्माणका लागी घडेरीको माटो परिक्षण भइ DPR को प्रकृयामा छ ।
- साथै वामीटक्सार कभर्ड हल, सिम्लेमा सामुदायिक सेवा केन्द्र भवन र झक्कले भुकुवा चौरमा प्राविधिक शिक्षालय कक्षा कोठा निर्माणको निम्ति पनि प्रारम्भिक चरणको काम हुदैछ ।
- संघीय सरकार/प्रदेश सरकारको सहयोग/साझेदारीमा नगरपालिकाका पाँच ठाउँमा अग्ला/लामा झोलुङ्गे पुलहरु निर्माणको निम्ति सर्वे/डिजाइनिङ्ग लगायतका कामहरु भएका छन ।

### २. स्वास्थ्य सेवा तर्फ:-

- हाम्रो पद वहालीकै समयमा गरिएको नगर प्रमुख स्तरको पहिलो निर्णय अनुसार मुसिकोट नगरपालिकाका प्रत्येक बस्तिसम्म प्राथमिक उपचारका सामाग्री र औषधी पुर्याउने लक्ष अनुरुप ११९ जना महिला स्वास्थ्य स्वयम् सेवीकाहरुलाई प्राथमिक उपचार बाकस वितरण गरिएको ।
- कुपोषित बालबालिकाहरुलाई लक्षित गरी उपचार परामर्श तथा पुनस्थापना समेतका लागि बडागाउँ स्वास्थ्य चौकीमा बहिरङ्ग उपचार केन्द्र OTC स्थापना गरी सञ्चालनमा ल्याइएको ।
- कोभिड-१९ खोप अभियानको निरन्तरता सँगै विभिन्न निकायसितको समन्वयमा "खोज र खोप" अभियान सञ्चालन भएको ।
- पाठेघरको क्यान्सर जाँच शिविर तथा परिवार नियोजन शिविर सञ्चालन भएको ।
- कम्तिमा पनि एउटा वडाको एउटा स्वास्थ्य संस्थामा कम्प्युटर, प्रिन्टर तथा इन्टरनेट उपलब्ध हुने व्यवस्था मिलाइएको ।

### ३. शिक्षा तर्फ:-

- ३० वटा विद्यालयहरुमा बालविकास कक्षाहरुका लागि राउण्ड डेस्कहरु र ३६ थान स्मार्ट टेलिभिजन वितरण गरिएको ।
- रिक्त दरवन्दीमा शिक्षकहरु छनौट गरी नियुक्त गरिएको ।
- स्यानीटरी प्याडहरु वितरण गरिएको र ६ वटा मा.वि. तह सञ्चालित विद्यालयमा स्यानीटरी प्याड जलाउने मेसिन

- कक्षा ५ सम्मको स्थानीय पाठ्यक्रम तयार पारी अन्तिम रुप दिइएको।
- विद्यार्थी शिक्षक अनुपात र भौगोलिक दुरी समेत हेरी विद्यालय समायोजन (मर्ज) गर्ने र दरवन्दी मिलान समेतका लागि स्थलगत/बस्तुगत स्थिति मुल्याङ्कनका आधारमा ठोस निस्कर्षमा पुग्न नीति-मापदण्डका साथ कार्यदल गठन भई आश्विन महिनाभरमा प्रतिवेदन बुझाउने गरी काम सुरु भएको।
- राष्ट्रिय बाल दिवसको अवसरमा विद्यालयहरुबाट प्रतिनिधत्व गराइ नगर भित्रका बालबालिकाको प्रतिभा प्रस्तुति कार्यक्रम आयोजना गरिएको।
- शैक्षिक क्षेत्रमा गुणस्तर सुधारका लागि स्थानीय (नगर) शिक्षक भर्ना तथा अन्य आवश्यक कामका लागि छुट्टै कोषको स्थापना भएर त्यस्को कार्यविधि तयार भइरहेको।
- नगरपालिकाले राष्ट्रपति रनिङ् शिल्ड खेल प्रतियोगिताको भव्य आयोजना गरेको र जिल्ला स्तरीय राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगितामा प्रथम स्थान हासिल गरी शिल्ड प्राप्त गरेको।

**४. आर्थिक विकास तर्फः-**

- किसानहरुका लागि कृषि उपजको विक्री सुनिश्चितता गर्ने गरी नगरपालिकाकै व्यवस्थापनमा स्थानीय उत्पादनको विनिमय बजार स्थापना गरी सञ्चालनमा ल्याउन कार्यविधि तयार पारिएको।
- मुसिकोट नगरपालिका भित्र उद्योग, कलकारखाना, पर्यटन लक्षित व्यवसाय वा सामुहिक उत्पादनका ठुला फार्म स्थापना गरी रोजगारी सिर्जना गर्ने उद्यमीहरुलाई प्रोत्साहन स्वरुप सिप, प्रविधि र पूँजी उपलब्ध गराउने 'पर्खनोस तपाइका लागि हामी केही गर्छौं' अभियानको कार्यविधि तयार भै रहेको।
- हाम्रो नगरपालिका छोडी/बसाइ सरी अन्यत्रै गै सकेकाहरुलाई जन्मभूमिमा फर्केर पुन बसोबास निर्माण गरेमा वा शिक्षा-स्वास्थ्य-धर्म/संस्कृतिको विकासलाई लक्षित गरी भवन या संरचना बनाइदिएमा वा उद्योग, कलकारखाना, पर्यटन लक्षित व्यवसाय संचालन या कृषि उत्पादनका ठूला फार्म स्थापना गरेमा पुरस्कृत गर्ने अवधारणा सहित ल्याइएको 'आफ्नै गाउँ, फर्की आउँ' अभियानको समेत कार्यविधि तयार भै रहेको।
- मकै खेती मुख्य खेती रहेका हाम्रा पाखा बारीहरुमा बाँदर आतङ्कले मकै खेती कम हुँदै गएको हुँदा मकै खेतीमा आकर्षण कम नहोस भनी बाँदरबाट मकै खेतीमा क्षेती भएको स्थितिमा विमा या उत्पादन लागतको क्षेतिपूर्ती दिलाउने गरी ल्याइएको नयाँ कार्यक्रमको कार्यविधि तयार पारिएको।
- यस अवधीमा पशुपालक किसान लक्षित गरी कृत्रिम गर्भाधारण सेवाका लागि तरल नाइट्रोजन ल्याइएको, बाख्रापालन समूह (७) मा अनुदान उपलब्ध गराइएको र पशुपंछिका लागि औषधी खरिद गरी वितरण गरिएको।
- वृहत स्तरमा व्यावसायिक खेतीलाई प्रोत्साहित गर्नेगरी अनुदान उपलब्ध गराएर ६ हजार कागती विरुवा, १४ हजार ३ सय कफिका विरुवा, २४ सय ५० टिमुरका विरुवा, ४० क्वीनटल बेसार विउ रोपण गरिएको र थप १४ जना कफि कृषकहरुले पाउनु पर्ने अनुदान रकम समेत उपलब्ध गराइएको।
- लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि अभिमुखिकरण समिति गठन र स्थान छनौट गर्ने काम भएको।

५. वन-वातावरणीय सरसफाई र विपद् व्यवस्थापन तर्फः-

- सार्वजनिक या सरकारी भवनका कम्पाउण्ड, चौर, चौतारा र निजी जग्गाहरुमा समेत असार-साउन महिनामा विभिन्न ठाउँका नर्सरीहरुबाट बिरुवा ढुवानी गरी उपलब्ध बनाएर व्यापक रुपमा वृक्षारोपण गराइएको ।
- वातावरणीय सरसफाई कार्यमा नगरपालिका भित्र 'हप्ताको एक बार सरसफाई बार' भनेर संस्थाहरुले शुक्रबार र बजार-वस्तीले शनिवार १ घण्टा सरसफाईमा लाग्नुपर्ने गरी जनसहभागिता जुट्ने विशेष अभियान सुरु गरिएको ।
- प्राकृतिक प्रकोप परेका, दुर्घटनाबाट मृत्यु भएका परिवारका सदस्य, जटिल रोगको उपचार पक्रियामा रहेका, औषधो-पचारका निम्ति टाढाको अस्पताल/उपचार खर्च जुटाउन नसकेका र अनाथ या असाहाय/गरिवी अवस्थाका कारण पढाई निरन्तर गर्न नसक्ने विद्यार्थीहरु समेतलाई उल्लेखनिय आर्थिक सहयोग उपलब्ध गराइएको ।
- मुख्य बजारहरुबाट कम्तिमा हप्ताको १ चोटी फोहोर ओसार्न ट्याक्टर सञ्चालनमा ल्याइएको र खुल्ला ठाउँहरुमा/यत्रतत्र फोहोर फाल्न नदिने गरि भेक भेकमा डम्पीङ्ग साइटहरु तयार पार्न वडा वडाबाट तयारी चलिरहेको ।
- विभिन्न ठाउँमा सिंचाइका कुलाहरु बाढी पहिरोमा परेर सिंचाइबाट बञ्चित उपभोक्ताहरुको आकस्मिक संकट समाधान गर्न तत्काल सिंचाइ सुचारु हुने गरी सहयोग गराइएको ।
- वडा नं. २ र ७ को एरियामा बडिगाड तटबन्धको काम भै रहेको र वडा नं. १, ४, ५ र ६ का एरियामा तटबन्ध गर्ने प्रक्रियामा ।

६. अन्य/विविधः-

- खानेपानी उपभोक्ताहरुले खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई बुझाउनु पर्ने मासिक महसुल प्रत्येक एक घर एक धाराका उपभोक्तालाई २० प्रतिशत छुट दिने नीति कार्यन्वयनमा ल्याउन कार्यविधि तयार पारिएको ।
- नगरपालिकाको सेवा प्रवाह चुस्त र नागरिकमैत्री बनाउन आगामी महिना देखि नै साना साना योजनाका उपभोक्ता समितिका पदाधिकारी योजना सम्झौता लगायतका कामका लागि कार्यपालिका कार्यालय धाउनु पर्ने वाध्यता हटाउन र प्राविधिक कामका साथ साथै उपभोक्ता समितिलाई सहजिकरण गरिदिन थप प्राविधिक जनशक्ति नियुक्त गर्ने व्यवस्था मिलाइएको ।
- मुसिकोट नगरपालिकाको नगर प्रोफाइल बनाउने काम सुरु गरी अन्तिम चरणमा पुर्याइएको ।
- भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुलाई घडेरी-जमिनको स्वामित्व दिलाउने गरी १६९ जनाको नाम राष्ट्रिय भूमि आयोगमा प्रक्रिया पुर्याएर पठाइएको ।
- खानेपानीको मोटर बिग्रेर कस्टमा परेका लिफ्टिङ्ग खानेपानीका उपभोक्ताहरुलाई नयाँ मोटर र केही ठाउँमा खानेपानी मर्मत तथा पाइप सिंचाइका निम्ति सहयोग उपलब्ध गराइएको ।
- न्यायिक समितिमा परेका उजुरीहरु उपर कार्यवाही प्रक्रिया र योजनाहरुको अनुगमन कार्य नियमित रुपले भै रहेको ।

मुसिकोट नगरपालिका / Musikot Municipality
नगर कार्यपालिकाको कार्यालय / Office of Municipal Executive
वामीटक्सार, गुल्मी / Wamitaksar, Gulmi
लुम्बिनीप्रदेश, नेपाल ।
LumbiniProvince, Nepal.

च.नं. / Ref. No. :
प.सं. / Des. No. : २०७९/८०

- नगर कार्यपालिका कार्यालयबाट नियमित कामका साथै वडाका कार्यालयहरु र वडा समितिबाट नियमित जनसेवाका कार्यका साथै धार्मिक/सांस्कृतिक तथा प्राकृतिक सम्पदा जोगाउने, सार्वजनिक जग्गा र सामाजिक क्षेत्रमा हुने अतिक्रमण रोक्ने गरी कामहरु भैइरहेका ।
- नगरपालिकाले विभिन्न सरोकारवाला/साझेदारहरु सित मिली 'हाम्रो पुस्तकालय कार्यक्रम' को नामबाट एक सार्वजनिक पुस्तकालय सञ्चालनमा ल्याउनको निम्ति तयारी कार्य चलिरहेका ।
- अति गरिव परिवारका लागि आवास क्षेत्र वा शौचालय सुधार सम्बन्धी समाज कल्याणकारी कार्यक्रम कार्यन्वयनमा लैजाने तयारी भएको ।

आदरणीय नगरवासीहरु !

राजनीति कर्मीहरु, स्वयम् सेवी सामाजिक कार्यकर्ताहरु, सरोकारवाला संस्था सम्बद्ध महानुभावहरु र पत्रकारहरु,

हामीले सपथग्रहण गरेर कार्यपालिका पूर्ण भै सकेपछि कार्यारम्भ गरेको सय दिन अर्थात् करिव साढे तिन महिना भएतापनि यस आर्थिक वर्षमा हामी संलग्न भै बनेका नीति, कार्यक्रम र बजेट कार्यन्वयनको अवधि करिव २ महिना मात्र पुरा भएको छ । उल्लेखित संक्षित विवरणले हाम्रो भावी बाटोको संकेत गर्छ । अब उपभोक्ता समितिहरु मार्फत हुने योजनाहरुका समिति गठन तथा सम्झौताबाट र ठूला योजनाहरु ठेक्का टेण्डर प्रक्रियाबाट अगाडी बढ्ने, बर्षायामको समाप्ति पछि हाम्रा अन्य अभियानहरुले पनि गति लिने र प्रत्येक चौमासिक अवधीमा हामीले नगरपालिकाको कार्यप्रगति सार्वजनिक गर्ने व्यहोरा जानकारी गराउन चाहन्छौ ।

यस सन्दर्भमा हामी प्रति चासो र सदभाव राखी विभिन्न ढङ्गले सघाउने र कामका लागि घचघच्याउने विभिन्न व्यक्ति, समुदाय र संस्थाहरुलाई हार्दिक धन्यवाद छ ।

हाम्रा कार्यक्रम, गतिविधि र प्रत्येक अभियानहरुमा यहाँहरुको हरदम साथ-सहयोग अपेक्षित छ । यस दौरान हामीलाई रचनात्मक आलोचना, सुझाव-सल्लाह समेत दिइ सहयोग पुर्याउनु हुन पनि विनम्र अनुरोध गर्दछौं ।

मिति २०७९/०५/२९

जिवलाल खरेल जीवन
(नगर प्रमुख)